गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
☎ ९८५८०६५१११

प.सं. : २०८०/०८१
च. नं. :

## विज्ञापन कर संकलन सम्वन्धी सिलवन्दी वोलपत्र आव्हानको सूचना ।

प्रथम पटक प्रकाशित मितिः२०८०/०५/१५

यस नगरपालिकाको आर्थिक ऐन, २०८० बमोजिम स्वीकृत दररेटको अधिनमा रही नगरक्षेत्र भित्र विज्ञापन कर संकलन कार्यको ठेक्का बन्दोवस्तद्धारा गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही उक्त कर उठाउन चाहाने योग्य तथा ईच्छुक फर्म/संस्थाहरुबाट नविकरण गराइएको ईजाजतपत्र मु.अ.कर दर्ता/स्थायी लेखा नम्बर, आ. व २०७९/०८० को करचुक्ता प्रमाणपत्र र आफु त्यस्तो दरभाउपत्रमा दाखिला गर्न अयोग्य नभएको भनी गरिएको स्वघोषणा पत्र समेत संलग्न गरी सूचना प्रकाशन मितिले १५ (पन्ध्र) दिनभित्र रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

शर्तहरुः

१. दस्तुर वाफतको रकम रु १००० ( एक हजार मात्र पछि फिर्ता नहुने ) यस कार्यालयको रा. वा. बै. मेहेलकुना शाखा कार्यालय स्थित आन्तरिक राजश्व खाता नं ४४८०१००३०१०१००२ मा जम्मा गरेको सक्कल भौचर वा यस नगरपालिकाको राजश्व शाखामा नगद बुझाएको सक्कल रसिद पेश गर्नुपर्नेछ ।
२. प्रथम पटक सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनको कार्यालय समयभित्र यस कार्यालयबाट दरभाउपत्र खरिद गरी १६ औ दिनको १२.०० बजे भित्र यस कार्यालयमा सिलबन्दीदरभाउ दर्ता गराउनुपर्नेछ र सो समयभित्र रितपूर्वक दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु सोही दिनको २.०० बजेदेखी दरभाउपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा ( प्रतिनिधि उपस्थिति नभएको अवस्थामा पनि ) यस कार्यालयमा खोलिनेछ ।
३. दरभाउपत्रदाताले आफुले कवोल गरेको दरभाउ रकम अंक र अक्षरमा प्रस्ट बुझिनेगरी लेखुपर्नेछ ।अंक प्रष्ट नभएको अवस्थामा अक्षरमा अंकित भएको दरलाई मान्यता दिईनेछ ।
४. दरभाउपत्रदाताले आफुले कवोल गरेको कबोले अंकको ५ (पाँच) प्रतिशत ले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक मेहेलकुना शाखामा रहेको धरौटी खाता नं- ४४८००३०३००००००२ मा जम्मा गरेको सक्कल भौचर समेत दरभाउपत्र साथ पेश गर्नुपर्छ । नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी गरेको सक्कल बिडबण्ड पेश गर्नुपर्दछ र मान्य अवधी ७५ दिनको हुनु पर्नेछ ।
५. .दर्ता हुन आएका दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार यसै कार्यालयमा सुरक्षित रहनेछ ।
६. .विज्ञापन कर असुली सम्बन्धी गरिएका सम्झौता बमोजिम यस कार्यालयमा बुझाउनुपर्ने रकमको अतिरिक्त अन्य कुनै कर दस्तुर बुझाउनुपर्ने भए सोको दायित्व स्वीकृत दरभाउपत्रवालाकै हुनेछ ।
७. .सूचनामा उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ ।
८. यस सम्बन्धी थप जानकारीको लागि गुर्भाकोट नगरपालिकाको वेभसाईट www.gurbhakotmun.gov.np बाट लिन सकिनेछ ।वा सम्पर्क नम्वर ९८५८०६५१११,९८५७८५५५५६ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

कामको विवरण

| क स | कामको विवरण | न्यूनतम अंक ( मुअकर बाहेक) |
|---|---|---|
| १ | गुर्भाकोट नगरपालिका क्षेत्रभित्र विज्ञापन कर संकलन गर्ने | रु ५0000 ( पचास हजार) |

२०८०/०५/१५



CamScanner